प्रदेश सरकार
प्रदेश नं. ५
आर्थिक मामिला तथा योजना मन्त्रालय
बुटवल, नेपाल
☏: ०७१-५५०००३, ०७१-५५००६३

पत्र संख्या : ०७७।७८
चलानी नं. : 02 01L

मिति : २०७७।४।१

विषय : आर्थिक वर्ष २०७७/७८ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन ।

प्रिय सहकारीज्यू

आर्थिक वर्ष २०७७/७८ को सेवा र कार्यहरुको लागि प्रदेश नं. ५ प्रदेश सञ्चित कोषबाट तहाँ मन्त्रालय/कार्यालय/सचिवालयले गर्ने सेवा र कार्यहरुको निमित्त खर्च गर्ने अधिकारका लागि प्रदेश नं. ५ प्रदेश सभाबाट प्रदेश विनियोजन ऐन, २०७७ स्वीकृत भएको व्यहोरा यहाँलाई अवगत नै छ ।उक्त ऐनको अनुसूची र व्यय अनुमानको विवरणमा उल्लिखित रकम खर्च गर्न प्रदेश नं. ५, प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १६ बमोजिम अधिकार प्राप्त अधिकारीले खर्च गर्न सक्ने हुँदा सोअनुसार तहाँको लागि छुट्याइएको रकमको प्रचलित कानूनबमोजिम खर्च गर्ने, गराउने, लेखा राख्ने, प्रतिवेदन गर्ने र लेखापरीक्षण गर्ने गराउनेसमेतको जिम्मेवारी तहाँबाट हुने नै छ ।

आगामी आर्थिक वर्षको शुरुमा नै बजेट कार्यान्वयनमा लैजाने र लक्ष्यअनुसार भौतिक एवम् वित्तीय प्रगति हासिल गर्ने सोचअनुरुप सहकारीज्यू मातहतका निकायमा नयाँ आ.व. २०७७/७८ प्रारम्भ भएको पहिलो महिनामा नै बजेट कार्यान्वयनका प्रारम्भिक चरणहरुको कार्य (वातावरणीय प्रभाव मूल्यांकन, जग्गा प्राप्तिको सूचना प्रकाशन, कार्यान्वयन संरचना र जनशक्ति व्यवस्थापन, बोलपत्र कागजातको तयारी, ऐन, नियम, निर्देशिका, कार्यविधि तर्जुमा/संशोधन/परिमार्जन आदि) र दोस्रो चौमासिक अवधिभित्रै प्रमुख कार्यक्रमहरुको अधिकांश कार्य सम्पन्न हुने गरी व्यवस्थापन हुनेछ भन्ने कुरामा म विश्वस्त छु।

**तपसिल बमोजिमका मार्गदर्शनका आधारमा बजेट कार्यान्वयन गर्नुहुन अनुरोध छ ।**

**(क) कार्यक्रम स्वीकृति तथा बजेट बाँडफाँड**

(१) प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा विस्तृत रुपमा क्रियाकलाप उल्लेख गरी समावेश भएको कार्यक्रम त्यस्तो कार्यक्रम कार्यान्वयन गर्ने प्रयोजनको लागि स्वीकृत कार्यक्रम मानिनेछ।

(२) प्रशासनिक खर्च बाहेक PLMBIS मा कार्यक्रम/क्रियाकलाप स्पष्ट नखुली एकमुष्ट रुपमा विनियोजित रकमको क्रियाकलापगत विवरण खुलाई चौमासिक विभाजनसहितको कार्यक्रम



सचिव

तयार गरी २०७७ साउन मसान्तसम्म PLMBIS मा प्रविष्टि गरी यस मन्त्रालयबाट स्वीकृत गराई कार्यान्वयन गर्नुहुनेछ।

(३) PLMBIS मा कार्यक्रम र कार्यक्रम संख्या उल्लेख भएको तर क्रियाकलाप र कार्यान्वयन गर्ने स्थान स्पष्ट नभएको कार्यक्रमको स्पष्ट रुपमा क्रियाकलाप र स्थान खुलाई साउन मसान्तभित्र यस मन्त्रालयको सहमति लिएर कार्यान्वयन गर्नुहुनेछ ।

(४) एउटै अनुदान संकेतभित्रको एउटा कार्यालय/निकायको नाममा स्वीकृत कार्यक्रम अर्को कार्यालय/निकायबाट कार्यान्वयन गर्नुपर्ने भएमा PLMBIS मा संशोधन प्रस्ताव प्रविष्टि गरी साउन मसान्तभित्र यस मन्त्रालयको स्वीकृति लिएर कार्यान्वयन गर्नुहुनेछ ।

(५) मन्त्रालय/सचिवालय/कार्यालयमा उपलब्ध कार्यक्रमहरुमा विनियोजित रकम खर्च नगरी नयाँ कार्यक्रमका लागि थप निकासा माग गर्नु हुनेछैन ।आ.व. २०७७/७८ को नीति कार्यक्रम तथा बजेटमा उल्लेख भएका र कानूनत: स्थापना गर्नुपर्ने कुनै संगठन, त्यसको संरचना र दरबन्दी सिर्जनासम्बन्धी निर्णय गर्नुपूर्व यस मन्त्रालयको सहमति लिनु हुनेछ ।

(६) नेपाल सरकारबाट सशर्त अनुदानवापत हस्तान्तरण भएको रकम जुन आयोजना वा कार्यक्रमको लागि प्राप्त भएको हो सोही आयोजना वा कार्यक्रमको लागि मात्र खर्च गर्ने गरी कार्यान्वयन गर्ने अवधि, कार्यान्वयनको प्रक्रिया र खर्चको विवरणसहितको कार्ययोजना २०७७ साउन मसान्तभित्र यस मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय र प्रदेश लेखा इकाइ कार्यालयमा पेश गरेर कार्यान्वयन गर्नुहुनेछ ।सशर्ततर्फका आयोजनाको बजेट फेरबदल गर्नुपर्ने अवस्थामा यस मन्त्रालयको सहमति लिनुहुनेछ ।

(७) बजेट तथा कार्यक्रममा समावेश भएको भए तापनि चारपाङ्ग्रे सवारी साधन खरिद गर्नुपूर्व यस मन्त्रालयको सहमति लिनु हुनेछ ।

(८) प्राकृतिक प्रकोप, विपद् र विशेष अवस्थामा बाहेक थप निकासा/रकमान्तर मागलाई यस मन्त्रालयबाट सम्बोधन नगरिने हुँदा विनियोजित बजेटको सीमाभित्र रही कार्यक्रम कार्यान्वयन गराउनु हुनेछ ।

(९) स्रोतको सुनिश्चितता नभई कार्यक्रम स्वीकृति वा संशोधन नगर्ने/नगराउने व्यवस्था पालना गर्नुहुनेछ ।स्रोतको सुनिश्चितता नभई शुरु गरिएका खरिद प्रक्रिया वा अन्य कार्यबाट सिर्जना हुने दायित्वका लागि यस मन्त्रालयबाट थप निकासा गरिने छैन ।



सचिव

(१०) अवण्डामा रहेका अनुदानसँग सम्बन्धित कार्यक्रमहरुको आगामी आर्थिक वर्षको साउनभित्रै सूचना प्रकाशन गरी अनुदान प्राप्त गर्ने निकायको टुङ्गो लगाइसक्नु पर्नेछ ।

## (ख) बजेट निकासा तथा बजेट कार्यान्वयन व्यवस्था

(११) बजेटको प्रभावकारी कार्यान्वयनको लागि आ-आफ्नो मन्त्रालय निकायको तर्फबाट निर्माण गर्नुपर्ने कार्यविधि, निर्देशिका र मापदण्डहरुको तयारी एवम् बजेटमा समावेश भएका कार्यक्रमहरुको समय सीमा, प्रतिफल सूचक र जिम्मेवारीसहितको कार्ययोजना २०७७ साउन मसान्तभित्र स्वीकृत गरी कार्य सम्पादन गर्ने व्यवस्था मिलाउनु हुनेछ।

(१२) सार्वजनिक खरिद कार्य गर्दा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ (संशोधनसहित) अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई कार्य गर्नु हुनेछ ।

(१३) विभिन्न किसिमका कोष, अनुदान, सहायता, मागमा आधारित कार्यक्रम आदिमा विनियोजन भएको रकम कार्यविधि र मापदण्ड अनिवार्य रुपमा यस मन्त्रालयको सहमति लिई स्वीकृत गर्ने र कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु हुनेछ ।

(१४) तहाँ अन्तर्गत स्थापना/हस्तान्तरण हुने सचिवालय, विभाग, कार्यालय आदिका लागि भैपरी आउनेमा विनियोजन गरिएको रकम संरचना एकिन भएपछि खर्च शीर्षकगत रुपमा बाँडफाँड गरी यस मन्त्रालयको स्वीकृति लिएर कार्यान्वयन गर्नुहुनेछ ।रकम बाँडफाँड गर्दा तलब, भत्ता, भाडा, पानी बिजुली, सञ्चार महसुल जस्ता अनिवार्य दायित्वमा यथेष्ट बाँडफाँड गर्नु हुनेछ ।

(१५) मन्त्रालयको खर्च शीर्षक नं. २८९११ (भैपरी आउने चालु खर्च) र ३१५११ (भैपरी आउने पुँजीगत खर्च) मा विनियोजित बजेट यस मन्त्रालयबाट बाँडफाँड स्वीकृत गराई खर्च गर्ने व्यवस्था मिलाउनु हुनेछ।

(१६) स्वीकृत भएका बहुवर्षीय आयोजनाहरु निरन्तर कार्यान्वयन गर्नु हुनेछ ।आर्थिक वर्ष २०७७/०७८ को वार्षिक विकास कार्यक्रममा स्वीकृत कुनै आयोजना बहुवर्षीय आयोजनाको रुपमा कार्यान्वयन गर्नुपर्ने भएमा पहिलो चौमासिकभित्रै प्रदेश योजना आयोगबाट स्वीकृत गराई यस मन्त्रालयबाट स्रोत सुनिश्चित गर्नुपर्नेछ ।



सचिव

प्रदेश सरकार
प्रदेश नं. ५
आर्थिक मामिला तथा योजना मन्त्रालय
बुटवल, नेपाल
☎: ०७१-५५०००३, ०७१-५५००६३

पत्र संख्या : ०७७।७८
चलानी नं. :

(१७) विनियोजन ऐन २०७७ को दफा ५ बमोजिम प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको कुनै आयोजना वा कार्यक्रम नेपाल सरकारको कुनै निकाय वा स्थानीय तहमार्फत कार्यान्वयन गर्नुपर्ने भएमा यस मन्त्रालयको सहमति लिनुपर्नेछ ।

(१८) नयाँ आयोजनाहरुको विस्तृत परियोजना प्रतिवेदन (DPR) मस्यौदा भएपछि त्यसमा प्रदेश योजना आयोग र यस मन्त्रालयको प्रतिक्रिया लिएपछि मात्र कार्यान्वयन गर्ने व्यवस्था मिलाउनुहुनेछ ।

(१९) प्रदेशअन्तर्गत विभिन्न जिल्ला तथा स्थानीय स्तरमा सञ्चालन हुने तालिम, गोष्ठी, अन्तरक्रिया आदि संचालन गर्दा अन्य मन्त्रालयहरुसँग समन्वय गरी एकीकृत रुपमा सञ्चालन गर्ने एवम् प्रदेश सरकारबाट स्वीकृत खर्चको मापदण्ड अनुकूल हुने व्यवस्था मिलाउनु हुनेछ ।

(२०) निर्माण व्यवसायीहरुसँग खरिद सम्झौता गरी कार्यान्वयन हुने निर्माण कार्यहरु खरिद सम्झौता अनुसार काम भए नभएको सुक्ष्म अनुगमन गरी समयमा कार्य सम्पन्न गर्ने व्यवस्था मिलाउनु हुनेछ। समयमा कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीहरुलाई प्रचलित कानूनबमोजिम कारबाही गर्नु हुनेछ।

(२१) विनियोजित बजेटभन्दा बढी रकमको र अर्को आर्थिक वर्षमा दायित्व पर्ने गरी खरिद कार्य गर्नु पर्ने भएमा खरिद कार्य शुरु गर्नुपूर्व यस मन्त्रालयको सहमति लिई मात्र अघि बढाउनु हुनेछ

(२२) नेपाल सरकारबाट हस्तान्तरण गरेको आयोजना वा कार्यक्रम कार्यान्वयन गर्न तत्काल संरचना र जनशक्ति नभएमा नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गर्न सकिने प्रावधान रहेको हुँदा यसरी कार्यान्वयन गर्नुपर्ने भएमा प्रदेश विनियोजन ऐन २०७७ बमोजिम यस मन्त्रालयको स्वीकृति लिई कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु हुनेछ ।

(२३) नेपाल सरकारबाट प्राप्त सशर्त अनुदानमा सञ्चालन हुने आयोजना वा कार्यक्रम कार्यान्वयनका लागि द्विविधा पर्न गएमा यस मन्त्रालय र सम्बन्धित संघीय मन्त्रालयसँग समन्वय गर्नु हुनेछ।

## (ग) बजेट खर्च, रकमान्तर तथा प्रतिवेदन

(२४) PLMBIS मा समावेश भएको कुनै कार्यक्रम संशोधन गर्नुपर्ने भएमा यस मन्त्रालयको स्वीकृति लिनुपर्नेछ ।तर प्रदेश विनियोजन ऐन २०७७ को दफा ८ को उपदफा ७ अनुसार प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रममा उल्लेखित क्रियाकलापको वार्षिक लक्ष्य नघट्ने गरी सशर्त, समपुरक र विशेष अनुदानबाहेक सम्वन्धित निकायको लेखा उत्तरदायी अधिकृतले देहायबमोजिम कार्यक्रम संशोधन तथा रकमान्तर गर्न सक्नेछः-

प्रदेश सरकार
प्रदेश नं. ५
☏: ०७१-५५०००३, ०७१-५५००६३
# आर्थिक मामिला तथा योजना मन्त्रालय
बुटवल, नेपाल

पत्र संख्या : ०७७।७८
चलानी नं. :

- ❖ एकै बजेट उपशीर्षक भित्रको भइरहेको क्रियाकलापको परिमाणात्मक लक्ष्य थप-घट गर्ने गरी कार्यक्रम संशोधन,

- ❖ यसरी कार्यक्रम संशोधन गर्दा रकमान्तर गर्नुपर्ने भएमा स्रोत परिवर्तन नहुने गरी प्रदेश नं.५, प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ दफा १७ को अधीनमा रही उही बजेट उपशीर्षक भित्र एक खर्च शीर्षकबाट अर्को खर्च शीर्षकमा थप हुने खर्च शीर्षकको शुरू विनियोजनको पन्ध्र प्रतिशतसम्मको रकमान्तर,

- ❖ एकभन्दा बढी निकायमा बाँडफाँड भएको एकै बजेट उपशीर्षक अन्तर्गतको एकै खर्च शीर्षकको रकम एक निकायबाट घटाई अर्को निकायमा थप गर्नु पर्ने भएमा रकम घटाउने कार्यालयसँग सम्वन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयबाट रकम रोक्का गरेको पत्र लिई, क्रियाकलाप परिवर्तन नगरी र कुल परिमाणात्मक लक्ष्यमा नघट्ने गरी कार्यक्रम संशोधन ।

(२५) पुँजीगत खर्चतर्फ विनियोजित रकम चालु खर्चमा र पुँजीगत अनुदानमा विनियोजित रकम चालु अनुदानमा रकमान्तर गर्न सकिने छैन ।

(२६) तहाँ मन्त्रालयबाट आर्थिक कार्यविधि ऐन २०७४ र विनियोजन ऐन २०७७ को सीमाभित्र गरिएको रकमान्तर यस मन्त्रालयलाई जानकारी दिई PLMBIS मा entry गरी उक्त प्रणालीमा स्वीकृत गराउनुपर्नेछ। सबै विषयगत मन्त्रालयले सकेसम्म रकमान्तर गर्न नपर्ने गरी स्रोत व्यवस्थापन गर्नुहुनेछ।

(२७) कुनै आयोजनामा विनियोजन भएको बजेटभन्दा बढी खर्च गर्नुपर्ने भएमा विनियोजन ऐन २०७७ को परिधिभित्र रही रकमान्तर स्वीकृत भएपछि मात्र कार्यान्वयन गर्नु हुनेछ । भुक्तानी गर्ने बेलामा रकमान्तर प्रस्ताव गर्नुहुने छैन ।

(२८) पदाधिकारी र कर्मचारीको पारिश्रमिक, तलब, भत्ता, पोशाक, पानी तथा बिजुली एवम् सञ्चार महसुलमा आगामी वर्षहरूको लागि दायित्व नसर्ने गरी खर्च व्यवस्थापन गर्नु हुनेछ । यी खर्च शीर्षकहरूबाट यस मन्त्रालयको स्वीकृति नलिई अन्यत्र रकमान्तर गर्न सकिने छैन ।

(२९) मन्त्रालय / निकायहरुले आफ्नो नियमित कार्य विवरण अन्तर्गतको कार्यसम्पादन गर्दा बैठक भत्ता प्रदान गर्नुहुने छैन ।स्वीकृत दरबन्दी तथा बजेटको परिधिभित्र रहेर मात्र सेवा करार

व्यवस्थापन गर्नुहुनेछ। सेवा करारमा कार्यरत व्यक्तिहरुको पारिश्रमिक/सेवा शुल्क खर्च शीर्षक नं.२२४१३ बाट मात्र खर्च लेख्नुहुनेछ।

(३०) विभिन्न प्रकारका भुक्तानी गर्दा अनिवार्य रुपमा नियमानुसारको कर कट्टी गर्ने व्यवस्था मिलाउनुहुनेछ।आयोजनाहरुको रकम भुक्तानी गर्दा उक्त आयोजनालाई PLMBIS मा विनियोजन भएको बजेटभन्दा बढी रकम भुक्तानी गर्नुहने छैन।

(३१) मेला आयोजना गर्न अनुदान दिँदा राजश्व संकलन गर्ने व्यवस्था मिलाउनु हुनेछ ।

(३२) मागमा आधारित आयोजनाहरु DPR पश्चात कार्यान्वयन गर्ने भनी विनियोजन भएकोमा DPR सम्पन्न भई कुनै आयोजना कार्यान्वयन गर्नुपर्ने भएमा यस मन्त्रालयको सहमति लिएर मात्र कार्यान्वयन गर्नुहुनेछ ।

(३३) बजेटमा समावेश नभएका आयोजनाहरु मन्त्रालयस्तरीय निर्णय गरी बजेटमा समावेश गर्नुहुने छैन।

(३४) नेपाल सरकारबाट प्राप्त सशर्त अनुदानबाट संचालन हुने कार्यक्रमहरुको बजेट निकासा महालेखा नियन्त्रक कार्यालयबाट खर्च विवरणका आधारमा चौमासिक रुपमा प्राप्त हुने हुँदा खर्चको विवरण मासिक रुपमा र प्रगति प्रतिवेदन चौमासिक रुपमा प्रदेश लेखा नियन्त्रक कार्यालय र यस मन्त्रालयमा पठाउनु हुनेछ।

(३५) सशर्त अनुदान अन्तर्गत सञ्चालित आयोजना तथा कार्यक्रमको भौतिक र वित्तीय प्रगति विवरण सम्बन्धित आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्ने निकायले सम्बन्धित संघीय मन्त्रालय / निकायमा चौमासिक रुपमा पठाउनुपर्नेछ ।

(३६) नेपाल सरकारबाट वित्तीय हस्तान्तरण हुने सशर्त अनुदान अन्तर्गतको वैदेशिक स्रोत समावेश भएको कुनै आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा वैदेशिक सहायता सम्झौताबमोजिम नेपाल सरकारको सम्बन्धित मन्त्रालयले निर्दिष्ट गरेको ढाँचामा छुट्टै अभिलेख राखी निर्धारित समयमा नेपाल सरकारको सम्बन्धित मन्त्रालय, सम्बन्धित शोधभर्ना माग गर्ने निकाय र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा नियन्त्रक कार्यालयमा प्रतिवेदन पेश गर्नुहुनेछ ।

## घ) वित्तीय पारदर्शिता, जवाफदेहिता र अनुगमनसम्बन्धी व्यवस्था



सचिव

प्रदेश सरकार
प्रदेश नं. ५
आर्थिक मामिला तथा योजना मन्त्रालय
बुटवल, नेपाल
☏: ०७१-५५०००३,
०७१-५५००६३

पत्र संख्या : ०७७।७८
चलानी नं. :

(३७) सबै मन्त्रालयहरुले बजेटमा समावेश आ आफ्ना मन्त्रालयका बजेट तथा कार्यक्रम समावेश भएको मन्त्रालयगत बजेट पुस्तक तयार गरी साउन १५ गतेभित्र आफ्नो मन्त्रालयको वेबसाइटमा राखे एवम् आफ्ना सबै कर्मचारी,सेवाग्राही र सञ्चार माध्यमलाई उपलब्ध गराउनु पर्नेछ ।

(३८) बजेट कार्यान्वयनको नियमित अनुगमन तथा समीक्षा गरी क्षेत्रगत उपलब्धि सूचक सहितको प्रगति विवरण, कार्यान्वयनमा आइपरेका समस्या र कारणहरू उल्लेख गरी रु. ३ करोडभन्दा बढी बजेट विनियोजन भएका आयोजना तथा कार्यक्रमहरुको मासिक प्रगति मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा र सबै आयोजना तथा कार्यक्रमहरुको चौमासिक रुपमा प्रदेश योजना आयोग र यस मन्त्रालयमा पठाउने व्यवस्था मिलाउनु हुनेछ ।

(३९) आयोजना/कार्यक्रमको प्रगति तथा समस्याहरुउपर मासिक रुपमा माननीय मन्त्रीज्यूको अध्यक्षतामा बैठक बसी समीक्षा गर्नुहुनेछ ।मन्त्रालयस्तरबाट समाधान हुन नसकेका समस्याहरु मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश योजना आयोग र यस मन्त्रालयमा पठाउनु हुनेछ ।

(४०) नगद कारोबार गर्दा हुन सक्ने जोखिम कम गर्नको लागि तलब भत्ता, सेवा करार समेतको सबै प्रकारका भुक्तानीहरू बैंक खातामार्फत मात्र गर्ने व्यवस्था मिलाउनु हुनेछ।

(४१) प्रदेश सरकार (मन्त्रिपरिषद्) द्वारा स्वीकृत सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययितासम्बन्धी निर्देशिकाको कडाईका साथ पालना गर्नु हुनेछ ।

(४२) आयोजना/प्रमुखको कार्य सम्पादन मूल्यांकनलाई आयोजना वा कार्यालयको प्रगतिसँग आवद्ध गर्ने व्यवस्था मिलाउनु हुनेछ ।

(४३) नयाँ आयोजनाहरु कार्यान्वयन गर्दा सम्बन्धित क्षेत्रका जनप्रतिनिधिसमेतको उपस्थितिमा आयोजना प्रारम्भ समारोह आयोजना गरी कार्यान्वयनमा लैजानु हुनेछ ।

(४४) जिल्ला समन्वय समितिको समन्वयमा सम्बन्धित निर्वाचन क्षेत्रका प्रदेश सभाका माननीय सदस्यहरुको सहभागितामा आ-आफ्ना क्षेत्रका आयोजनाको अनुगमन मूल्याङ्कन गर्नुहुनेछ ।

आर्थिक वर्ष २०७७/७८ को बजेटसँग सम्बन्धित प्रकाशन यस मन्त्रालयको **Website : moeap.p5.gov.np** मा हेर्न र डाउनलोड गर्न सकिनेछ ।



सचिव

प्रदेश सरकार
प्रदेश नं. ५
# आर्थिक मामिला तथा योजना मन्त्रालय
बुटवल, नेपाल

☎: ०७१-५५०००३,
०७१-५५००६३

पत्र संख्या : ०७७।७८

चलानी नं. :

श्री सचिवज्यू

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं. ५, बुटवल ।
आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. ५, बुटवल ।
भौतिक पूर्वाधार विकास मन्त्रालय, प्रदेश नं. ५, बुटवल ।
सामाजिक विकास मन्त्रालय, प्रदेश नं. ५, बुटवल ।
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. ५, बुटवल ।
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ५, बुटवल ।

..............................
(मधु कुमार मरासिनी)
सचिव

<u>बोधार्थ:</u>

श्री महालेखा परीक्षकको कार्यालय, बबरमहल, काठमाडौं ।
श्री महालेखा नियन्त्रक कार्यालय, अनामनगर, काठमाडौं ।
श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, प्रदेश नं. ५, बुटवल ।